


Research Management Cell
Adarsha Multiple Campus

AMC Journal
Link: https://doi.org/10.3126/amcj.v2i1.35796

ISSN: 2717-4808 (Print), 2738-9987 (Online)

# 'बाँदर्नी मैयाँको कथा' लोककथाको विधातात्त्विक अध्ययन

**कमला रेग्मी***

**सार**

*लोककथाले समाज र हिजोको सामाजिक आवरणलाई चित्रण गरेको हुन्छ । यस अध्ययनमा लोकवार्ताअन्तर्गत लोकसाहित्यभित्र पर्ने लोककथालाई चिनाइएको छ । अध्ययनका लागि छनोट गरिएको 'बाँदर्नी मैयाँको कथा' लाई कथानक, पात्र, परिवेश, उद्देश्य र भाषाशैलीका आधारमा सैद्धान्तिक र कथागत सामग्रीमा प्रयुक्त उद्धरणलाई लिएर विश्लेषण गरिएको छ । यस अध्ययनमा लोकसाहित्यका सिद्धान्त र लोककथाको संरचनात्मक पक्षलाई ध्यानमा राखेर कथावस्तुमा व्यक्त भएको सन्दर्भलाई समीक्षात्मक चर्चा गरिएको छ । स्वैरकल्पनामा आधारित र मनोरञ्जनप्रद विषयवस्तुलाई बोकेको यस कथाले आदर्श समाजको दर्शनलाई बोध गराएको छ । सत्यको विजय हुने भावलाई दर्शाउन सुखान्तक कथावस्तुका आधारमा यो कथा पूर्वीय दर्शनको आस्तिक मान्यतामा आधारित छ । पुस्तकालयीय सामग्रीलाई आधार मानेर सम्पन्न गरिएको यस अध्ययनमा गुणात्मक अनुसन्धान विधिको उपयोग गरिएको छ । कथातत्त्वगत प्रकृतिका आधारमा यस अध्ययनको निष्कर्षलाई पेस गरिएको छ ।*

**मुख्य शब्दावली** : आञ्चलिक भेद, तिलस्मी, मानवेतर पात्र, मिथक, लोकवार्ता, लौकिक ।

## १. विषय परिचय

परापूर्व कालदेखि पुस्तान्तरण भई श्रुतिपरम्परामा जीवित भएको साहित्यलाई लोकसाहित्य भनिन्छ । मूलतः रचनाकार र रचनाकाल दुवै अज्ञात रहेको लोकवार्ताका प्रकारमध्ये मौखिक-श्रव्य लोकवार्ताअन्तर्गत लोकसाहित्य र लोकसङ्गीत पर्दछन् । यही लोकसाहित्यको स्थूल विधाभित्र लोककथालाई समेटिन्छ । यस विधालाई लोकसाहित्यको प्रमुख विधा मानिन्छ । यसका अतिरिक्त लोकसाहित्यभित्र विशेष गरेर

* कमला रेग्मी मानविकी तथा सामाजिक शास्त्र संकाय त्रि.वि. कीर्तिपुरअन्तर्गत नेपाली केन्द्रीय विभागबाट दर्शनाचार्य (एम.फिल.) तहमा अध्ययनरत हुनुहुन्छ । इमेल : **kamalaregmi1122@gmail.com**

लोकगीत, लोकगाथा, लोककविता, लोकनाटक, उखान, टुक्का, गाउँखाने कथा र मन्त्र बढी चर्चामा छन् । लोककथालाई मूलतः शिक्षितभन्दा अशिक्षित वर्गले नै जोगाइराखेको छ । शिक्षित वर्गभित्रमा भने लोकसाहित्य, समाज र संस्कृतिप्रेमी अध्येता तथा यस विषयमा अध्यापनरत सम्बन्धित सरोकारवालाले चासो राख्ने गरेको देखिन्छ । शिक्षितले अध्ययन गर्न रुचि राखे पनि प्रयोग व्यवहारमा अशिक्षित वर्गले मनोरञ्जनात्मक प्रयोजनका आधारमा तथा सामाजिक संरचनाभित्र नैतिक आदर्श सिकाउन लोककथालाई दृष्टान्त बनाउने गरेका छन् ।

लोककथामा सामान्य तथा अति सामान्य र प्राकृतिक तथा अति प्राकृतिक विषय बिचको सम्बन्ध देखाइएको हुन्छ । यस्ता कथामा मानवीय पात्रले अति प्राकृतिक पात्रहरूसँग सङ्घर्ष पनि गर्नु पर्दछ । लोककथाहरूमा मानवेतर प्राणीहरूलाई मानव प्राणी जसरी बोल्न, सुन्न वा भावनात्मक व्यवहार गर्न सक्ने गरी व्यक्त गरिएको हुन्छ । लोककथा मूलतः वर्णनात्मक प्रकृतिमा आधारित गद्यात्मक शैलीमा लेखिन्छन् । यस्ता कथाहरूमा जादुगरी, तिलस्मी, काल्पनिक तथा स्वैरकाल्पनिक प्रस्तुति, मिथकीय प्रस्तुति, समाज सुधारक भावना र सन्देश, नैतिक उपदेश प्राधान्य, व्यापकता, मौलिकता, मनोरञ्जनप्रद विषय, सुखान्तक प्रस्तुति लगायतका विशेषता रहेका हुन्छन् । समाजमा बाँच्ने साझा विशेषता हुनुले लोकसाहित्यमा आञ्चलिक भेदको प्रभाव रहन्छ । उल्लिखित आधारमा लोककथा समाजका मानिसको बोधगम्य तह अनुरूप श्रुतिपरम्परामा आधारित सरल र सुबोध्य विधा हो ।

लोकसाहित्यभित्र समाजको आस्था, विश्वास, संस्कृति पनि कता न कता चित्रित भएको हुन्छ । पौडेल (२०७४ : ३२) ले लोकवार्ता र लोकसंस्कृतिको अध्ययन क्षेत्र फराकिलो र व्यापक रहेको तथ्यलाई पेस गर्दै वाचिक लोकवार्ता, सामाजिक लोकाचार वा लोकप्रथा, भौतिक लोकसंस्कृति र लोक प्रदर्शन कला गरी चार क्षेत्रलाई विभाजन गरेर देखाएका छन् । यस्तै गरेर बन्धु (२०७२ : २२) ले पनि मौखिक लोकवार्ता, सम्पादनमूलक लोककलाहरू, व्यवहारमूलक लोकवार्ता र भौतिक लोकवार्ता गरी चार क्षेत्रलाई दर्शाएका छन् । यसमध्ये लोककथालाई मौखिक लोकवार्ताभित्र समेटिएको छ । मानव सभ्यतासँगै विकसित लोककथा लोकसाहित्यको अति प्राचीन विधा हो । भाषाका माध्यमबाट अभिव्यक्त लोकसिर्जनालाई लोकसाहित्य भनिन्छ । लोकसाहित्यको स्थूल विधाअन्तर्गत लोककथा आख्यानात्मक गद्यरचना हो (लुइटेल, २०७६ : ४) । लोकजीवनमा मौखिक रूपमा भनिँदै सुनिँदै आएको कथा लोककथा हो । भन्ने र सुन्ने प्रचलन आदिम मानिसको आदिम प्रवृत्तिका रूपमा देखा पर्दछ । लोककथाको अस्तित्व संसारभरि नै छ । संसारका सबै भाषा, जातजाति, क्षेत्र र स्थानमा लोककथाको अस्तित्व रहेको पाइन्छ । त्यसकारण लोककथा सुन्ने र सुनाउने प्रचलन मानव सभ्यताको प्राथमिक कालदेखि नै प्रारम्भ भई हालसम्म पनि कायम रहेको देखिन्छ । लोककथालाई अर्को शब्दमा दन्त्यकथा पनि भन्ने गरेको पाइन्छ । दन्त्यकथालाई नेपाली बृहत् शब्दकोश (२०७५) मा 'लोकले युगौंदेखि परम्परागत रूपमा संरक्षित गर्दै आएको, मौखिक तथा काल्पनिक कथा, सुन्ने कथा' भनिएको छ । लोककथाहरूमा लोकजीवनका सुख-दुःख, आस्था, विश्वास, धर्म, रीतिरिवाज आदिको प्रत्यक्ष प्रभाव रहेको हुन्छ । स्वैरकल्पनाको अधिक प्रयोगले लोककथा यथार्थभन्दा टाढा हुन्छन् । वक्ताको मौखिक सामर्थ्य, समयको अन्तराल र भौगोलिक भिन्नताका कारण एउटै लोककथामा पनि केही फरकपन देखिन सक्छ । यसमा सामान्यतया रैखिक ढाँचाको उपयोग हुन्छ भने तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग हुने गर्दछ । अधिक मात्रामा अभिप्राय अर्थात्

अनौठो घटना, अनौठो पात्र, परिवेश आदिको प्रयोग हुनु लोककथाको प्रमुख विशेषता हो । अभिप्रायले कथाभित्र कथानकलाई गति दिने, आकस्मिक मोड ल्याउने, चरित्रलाई प्रस्ट्याउने, रोचकताको अभिवृद्धि गर्ने आदि कार्य गर्छ भने कथाबाहिरका लोकविश्वास, रीतिथिति, तत्कालीन परिस्थिति, मूल्यमान्यता आदिलाई जनाउने कार्य गर्दछ । अभिप्रायविना लोककथा बन्दैन भन्ने मान्यता रहेको पाइन्छ (लुइटेल, २०७६ : २९१) । यस्ता कथामा उड्ने खराउ, अदृष्य बनाउने टोपी, अह्राएको मान्ने लट्ठी जस्ता सामग्री तथा परिवेशहरू आएका हुन्छन् ।


प्रस्तुत अध्ययनमा बोधविक्रम अधिकारीद्वारा **नेपाली दन्त्यकथा** (२०६४) मा सङ्कलित 'बाँदर्नी मैयाको कथा' शीर्षकको लोककथाको विधातात्त्विक विश्लेषण गरिएको छ । यस कथाको अध्ययन गर्ने सन्दर्भमा लोककथामा समावेश हुने कथानक, चरित्र, परिवेश, उद्देश्य र भाषाशैलीका आधारमा विधातत्त्वगत सन्दर्भलाई केलाइएको छ ।

## २. अध्ययनको उद्देश्य

'नेपाली दन्त्यकथा' कथा सङ्ग्रहभित्र सङ्ग्रहित १२ ओटा कथामध्ये 'बाँदर्नी मैयाँको कथा' नामक लोककथालाई अध्ययनका लागि छनोट गरिएको छ। लोककथाको संरचनात्मक ढाँचा अनुरूप 'बाँदर्नी मैयाँको कथा' लोककथाको विधातात्त्विक आधारबाट विश्लेषण गर्नु नै यस अध्ययनको मुख्य उद्देश्य रहेको छ ।

## ३. सैद्धान्तिक अवधारणा

लोकवार्ताविज्ञानको श्रव्य-पाठ्य भेदअन्तर्गत पर्ने लोकसाहित्यको आख्यानयुक्त गद्यविधालाई लोककथा भनिन्छ । लोकसमुदायमा प्रचलित काल्पनिक तथा रोमाञ्च तत्त्वहरूले भरिएको कलात्मक आख्यानात्मक गद्यविधा नै लोककथा हो । यसलाई धेरै विद्वान्‌हरूद्वारा अपठित सामूहिक अभिव्यक्ति मानिएको पाइन्छ । लोककथा निर्माण गर्ने आवश्यक उपकरण या घटकलाई यसको तत्त्व भनिन्छ । यसमा आख्यान साहित्यमा हुने विभिन्न तत्त्वहरूको उचित संयोजन गरिएको हुन्छ । यस अध्ययनमा छनोट गरिएको लोककथालाई तलको खाकाका आधारमा रहेर विधातात्त्विक अध्ययन गरिएको छ :



लोककथाभित्र उल्लिखित घटकहरू मूलतः समावेश भएका हुन्छन् । उद्देश्य राखेरभन्दा पनि प्रस्तोता र श्रोताले मनोरञ्जनको अपेक्षा गरेर कथाभित्र उल्लिखित सैद्धान्तिक पर्याधारलाई अँगालेको देखिन्छ । तत्त्वगत सारमा हेर्दा डेल हाइम्सले लोकवार्ताका बारेमा जातितत्त्वगत अध्ययनको आधारलाई अघि सारेका छन् । यसलाई नेपाली जगत्का विश्लेषक चूडामणि बन्धुले छोटकरीमा कथनको पद्धति भनेर मानेका छन् । यस्तै गरेर लोकवार्ताविज्ञानका सन्दर्भमा रिचार्ड बाउम्यानले सम्पादन सिद्धान्तलाई चर्चा गर्दै लोकसाहित्यलाई सञ्चार शक्ति र वाक्कलासँग जोडेका छन् । लाउरी होङ्कोले पर्यावरणीय महत्तालाई प्रश्रय दिएका छन् (भट्टराई, २०७२ : ८७-८९) । उल्लिखित सैद्धान्तिक आधारमा रहेर यस अध्ययनलाई लोकसाहित्य अध्ययनका विभिन्न पद्धतिमध्ये साहित्यशास्त्रीय पद्धतिका आधारमा विश्लेषण गरिएको छ । साहित्यशास्त्रीय पद्धतिमा लोकसाहित्यलाई लिखित साहित्य जस्तै मानेर अध्ययन-विश्लेषण गरिन्छ (लुइटेल, २०७६ : २२) । यस अध्ययनमा उल्लिखित सैद्धान्तिक पृष्ठाधारमा रहेर कथाभित्र पर्ने अनिवार्य घटकहरूलाई यहाँ केलाइएको छ ।

## ४. अध्ययन विधि

प्रस्तुत 'बाँदर्नी मैयाँको कथा' शीर्षकको लोककथाको विधातात्त्विक अध्ययनलाई तयार पार्नका लागि प्राथमिक स्रोत सामग्रीका रूपमा बोधविक्रम अधिकारीको कथा सङ्ग्रह 'नेपाली दन्त्यकथा' भित्र रहेको निर्दिष्ट कथालाई लिइएको छ । द्वितीयक स्रोत सामग्रीका रूपमा यस अध्ययनसँग सम्बन्धित शोध तथा अन्य अनुसन्धेय सामग्रीलाई प्रयोग गरिएको छ । अतः पुस्तकालयीय सामग्रीलाई उपयोग गरी गुणात्मक अध्ययन विधिद्वारा यसलाई सम्पन्न गरिएको छ ।

## ५. लोकवार्ताभित्रको एक विधा : लोककथा

अध्ययनका लागि छनोट गरिएको सामग्री लोककथा भएकाले यसबारेमा सूक्ष्म विश्लेषण आवश्यक हुन्छ । लोककथा लोकवार्ताभित्र पर्ने एउटा विधा हो । 'लोक' र 'वार्ता' दुई शब्दको योग अर्थात् 'लोकको वार्ता' = 'लोकवार्ता' शब्दको निर्माण भएको हो । यो तत्पुरुष समासयुक्त शब्द हो । लोकसंस्कृति, लोकसाहित्यशास्त्र, लोकयान, लोकायान आदि शब्द पनि लोकवार्ताकै स्थानसँग गाँसिएर आएको पाइन्छ तथापि 'लोकवार्ता' शब्द नै बढी प्रयोगमा आएको शब्द हो । यसलाई मूलतः मौखिक/श्रव्य, दृश्य र चिन्तनमूलक गरी तीन प्रकारमा विभाजन गरिएको पाइन्छ ।

लोकवार्ता शब्द अङ्ग्रेजी 'फल्कलोर' शब्दको नेपाली रूपान्तरण हो । 'फल्कलोर' शब्दको निर्माण 'Folc' र 'Lore' दुई शब्दको संयोगबाट भएको हो । 'Folk' शब्द 'Folc' र 'Lore' शब्द 'Lar' बाट बनेको हो । 'Folc' को शाब्दिक अर्थ असंस्कृत, अशिक्षित, सामान्य जनसमुदाय हो भने 'Lar' को शाब्दिक अर्थ 'ज्ञान' अर्थात् 'सिकेको विषयवस्तु' भन्ने हुन्छ । लोकवार्ताले विगतको इतिहासलाई कलात्मक शैलीमा अभिव्यक्त गरेको हुन्छ । केवल लौकिक इतिहासबाट मात्र इतिहासका बहुमूल्य सम्पदाहरूको उद्धार, छानबिन र सङ्कलन सम्भव छ भन्न उचित हुन्न । कुनै जाति विशेषको जातीय इतिहास सिर्जनामा सम्बन्धित जातिका लोकवार्ताभित्र लुकेछिपेका सामग्रीहरूको निकै ठूलो

महत्त्व रहेको हुन्छ भन्ने कुरा पनि उत्तिकै मननीय छ (पौडेल, २०७४ : २९) । लोकवार्ताले समाजको यथार्थतालाई पनि कतै न कतै समावेश गरेर मात्रै आफूलाई अड्याएको हुन्छ ।

लोकवार्ताभित्रको मौखिक/श्रव्य प्रकारअन्तर्गत लोकसाहित्य र लोकसङ्गीत पर्दछन् । श्रुतिपरम्पराबाट प्राप्त लोकज्ञान वा लोकभावनामा आधारित व्यक्तिविशेषको नभई अपठितहरूबाट सामूहिक ढङ्गले विभिन्न विधाका माध्यमबाट अभिव्यक्त हुने मौखिक भाषिक संरचनालाई लोकसाहित्य भनिन्छ (लुइटेल, २०७६ : १३) । लोक+साहित्य मिलेर लोकसाहित्य शब्द बनेको छ । संस्कृतको 'लोकृ दर्शने' धातुमा 'धञ्' (अ) प्रत्यय बनेको बनेको 'लोक' शब्दको अर्थ 'हेर्नु' भन्ने भए पनि नेपाली बृहत् शब्दकोश (२०७५) अनुसार 'लोक' शब्दको अर्थ 'ब्रह्माण्डको कुनै एक भाग अथवा खण्ड, संसार, जगत्, दुनियाँ' भन्ने हुन्छ । 'लोक' शब्दलाई सामान्य अर्थमा 'एउटा बुझाइ र संस्कारमा रमाउने सामान्य जनता' भनेर बोध गर्न सकिन्छ भने 'सहित' शब्दमा 'य' प्रत्यय जोडिएर 'साहित्य' शब्दको निर्माण भएको हुन्छ ।  'लोक' र 'साहित्य' शब्दको मेलबाट तत्पुरुष समासद्वारा निर्मित 'लोकसाहित्य' शब्दको अर्थ 'लोकहितकारी भावनाले युक्त लालित्यमय वा भावपूर्ण अभिव्यक्ति' हो भन्ने हुन्छ । पूर्वीय दर्शनअन्तर्गत वेदमा लेखिएको ज्ञानलाई वैदिक र सोभन्दा फरक लोकजीवनमा आधारित ज्ञानलाई लौकिक भावको चिन्तनमा राखेर हेरेको देखिन्छ । यही आधारमा लोकसाहित्य लौकिक वर्गभित्र समाजपरक ढाँचामा समयानुकूलित भएको देखिन्छ । संस्कृत भाषामा सामान्यत: वेदमा जुन कुरा थिएन वा छैन त्यसलाई लौकिक भनी बुझिने गरेको पाइन्छ (पौडेल, २०७४ : १७) । यसरी लोकसाहित्यभित्र पर्ने लोककथाको सम्बन्ध हिजोको सभ्य र शिक्षित मानिससँगै गएर गाँसिन पुग्छ । भलै आज आएर अशिक्षित वर्गमा विकसित भए पनि लोकसाहित्य कतै न कतै शिक्षित वर्गकै पृष्ठभूमिबाट सिर्जित हुँदै आएको अनुमान गर्न सकिन्छ । संरचनागत आधारबाट हेर्दा लोककथामा पनि 'लोक' र 'कथा' शब्दको सम्मिश्रण छ । 'लोक' शब्द र 'कथ्' धातुमा 'आङ' र 'टाप्' प्रत्यय जोडिएर बनेको 'कथा' शब्दबाट 'लोककथा' शब्दको निर्माण भएको छ ।

एउटा पुस्ताबाट अर्को पुस्तामा मौखिक तथा श्रुतिपरम्परामा सञ्चरित तथा हस्तान्तरित हुने लोककथामा केही सन्दर्भपरक परिवर्तित अवस्थाहरू देखा परेका हुन्छन् । लोककथा भन्न र सुन्न उमेर हदले असर पारेको देखिँदैन । यसर्थ लोकप्रियता पनि यसै अनुरूप कायम रहेको देखिन्छ । हाल आएर सम्पन्न र सहरियाभन्दा ग्रामीण समाज र सामान्य परिवेशका मानिसद्वारा यसलाई रुचाइएको र जोगाइएको हुन्छ भन्न सकिन्छ । यसलाई भन्न र सुन्न कुनै औपचारिक समयको आवश्यकता पर्दैन किनभने यसको मुख्य उद्देश्य मनोरञ्जन प्रदान गर्नु हो । यद्यपि कतिपय लोककथाहरू नीति उपदेश तथा सन्देशपरक देखिन्छन् तर तिनका माध्यमबाट पनि मनोरञ्जन नै प्रदान गर्ने उद्देश्य राखिएको हुन्छ । यिनमा तत्कालीन समाजको सोच, व्यवहार, आचरण, जीवनशैलीलाई सामयिक रूपमा प्रकट गरिएको पनि हुन्छ । अध्ययनका लागि छनोट गरिएको कथामा राजाको कथा, बाँदर्नीले श्राप पाएको, घटनाक्रमसँगै श्रापमुक्त भएको सन्दर्भले यी पक्षलाई समेट्छन् । लोककथामा समाजले निषिद्ध ठहराएका अनैतिक, नैतिक अथवा स्वीकृत; उभय प्रकारका आचरणहरू प्रकटित भएका हुन्छन् । त्यस्ता आचरणगत अभिव्यक्तिका माध्यमबाट अनुकरणीय वा सकारात्मक आचरणप्रति कुशलतापूर्वक स्वीकृति अथवा आग्रह-अनुग्रह प्रकटित भएका हुन्छन् (पौडेल, २०७४ : ३५) । यसमा प्रयुक्त भाषामा सरलता,

सहजता, आञ्चलिक भाषाको प्रयोग भएको पाइन्छ । कतिपय सन्दर्भमा पद्य पनि मिश्रित गराइने हुँदा यसमा मिठास थपिन्छ नै तथापि यो गद्य विधा हो । यसको अर्को पक्ष उत्कसुकताको संरचनागत पृथक् पक्ष पनि हो । लोककथागत बुनोटमा आदिदेखि अन्त्यसम्म उत्सुकता भरिएको देखिन्छ । कौतुहलताले यस विधालाई जीवन्तता प्रदान गरेको हुन्छ ।

## ६. 'बाँदर्नी मैयाँको कथा' र तात्त्विक संयोजन

बाँदर्नी मैयाँको कथाले आदि, मध्य र अन्त्यको संयोजनलाई समेटेको छ । राजा प्रतापी हुनु र तिनका सात भाइ छोरा हुनुबिचको सम्बन्ध र विवाहको प्रसङ्गले कथामा पठनीय दृश्य सन्दर्भलाई प्रारम्भबाटै बोध गराएको छ । कथामा व्यक्त भएका घटनालाई रैखिक ढाँचामा प्रस्तुत गरिएको छ । कान्छो राजकुमारकी बाँदर्नी श्रीमती रुखको टोड्कोबाट निस्कनु र पछि एउटा चिठी सोही टोड्कोमा राख्दा घटेका घटनाबिचको तारतम्य, खोस्रो बल्दा बाँदर्नीबाट परिवर्तित उसको रूप लगायतका प्रसङ्गगत सामीप्यतालाई कथामा एकपछि अर्को घटनाक्रममा मिलाइएको देखिन्छ ।

### ६.१ कथानक

#### (क) सैद्धान्तिक पक्ष

कथानक लोककथाको महत्त्वपूर्ण तत्त्व हो । कथानक भनेको घटनाहरूको शृङ्खलित व्यवस्था हो । कथानकले कथाका अन्य तत्त्वहरूलाई डोऱ्याएको हुन्छ । कथाकारको धारणा र मूल मर्मको अभिव्यक्तिका रूपमा आउने कथानकले कथाका अन्य तत्त्वहरूलाई विशेष आकर्षण प्रदान गरेको हुन्छ (भण्डारी र अन्य, २०६८ : ७) । लोककथाको कथानक सरल भाषाबाट प्रारम्भ भई बिचबिचमा विभिन्न मोड र उपमोडहरूमा विकसित हुँदै अगाडि बढ्छ र अन्त्यमा संयोग वा वियोग भएर टुङ्गिन्छ । कथाका पात्रले जीवन सङ्घर्षको मोड लिएर एउटा निश्चित परिणाम देखाउन थालेपछि कथा निश्चित गतितर्फ उन्मुख हुन्छ (गिरी, २०७५ : ५२) । कथानकको टुङ्ग्याउनीमा मिलन, संयोग र सुखान्तताको बर्चस्व अधिक रहे तापनि केही कथानक विछोड, वियोग र दुःखान्तमा टुङ्गिएको पनि पाइन्छ (शर्मा र लुइटेल, २०६९ : ३७५) । लोककथामा पौराणिक, काल्पनिक, स्वैरकाल्पनिक, अतिप्राकृतिक, सामाजिक तथा किंवदन्तीमूलक आदि जुनसुकै स्रोतबाट पनि कथावस्तुलाई लिइएको हुन्छ ।

वास्तवमा लोककथाको मुख्य तत्त्व नै कथानक हो । यसको प्रारम्भ र अन्त्यको प्रकृति पनि विशेष किसिमको हुन्छ । लोककथाको प्रारम्भ मूलतः 'एकादेशमा.......', 'परापूर्व कालमा......', 'कुनै समयमा....', 'उहिले उहिले.......' आदि शब्द तथा पदावलीद्वारा भएको हुन्छ । मध्यभागमा शैलीगत प्रभाव, आञ्चलिकता आदिले प्रश्रय पाएको हुन्छ भने कथाको अन्त्यमा 'सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला....' जस्ता उक्तिलाई समावेश गरिएको हुन्छ । लोककथाको कथानक छोटो, छरितो, प्रभावकारी हुनुका साथै रोचक र मार्मिक सहजतामा उनिएको हुन्छ । कतिपय लोककथाहरू हाल प्रयोगमा आउने लघुकथा जत्तिकै छोटा पनि हुन्छन् ।

(ख) **विश्लेषण**

कथावस्तुका आधारमा हेर्दा यस कथामा लोककथाकार बोधविक्रम अधिकारीले लोककथाकै शैली अनुरूप 'एकादेशमा एक प्रतापी राजा थिए.....' भनेर प्रारम्भ गरेका छन् । धेरैजसो लोककथामा राजारानीको कथा गाँसिएको देखिन्छ । यसमा सन्तानेश्वर महादेवका भक्त बनेका एकजना राजाका सात भाइ छोरा भएको कुराबाट कथाको उठान भएको छ । साते भाइ धनुर्विद्यामा एकसे-एक निपुण थिए । राजाले सातै भाइ छोराहरूलाई एक-एक वाण हातमा थमाइदिए । यो वाण जसजसको घरमा गएर लाग्छ, त्यही-त्यही घरकी कन्यासँग तिमीहरूको विवाह गराइदिउँला भन्ने सर्त राखे :

'लौ बाबु हो ! तिमीहरूले एक-एक बाण छाड, जजसको घरमा गएर लाग्छ, उसैलाई उसैउसै घरकी कन्या बिहा गरिदिउँला (पृ. ९०) ।'

यसपछि कान्छो छोरोको वाण एउटा रुखमा गएर लाग्नु, त्यहाँबाट एउटी बाँदर्नी निस्कनु, कान्छो छोरोको विवाह बाँदर्नीसँग हुनु यस कथाको आदि भाग हो ।

विवाहपश्चात् एक-एकओटा महल बनाई राखिदिनु, सबै छोरा-बुहारीले राजा-रानीलाई पालैसँग भोज खुवाउने व्यवस्था गर्नु, कान्छोलाई चिन्ता पर्नु, आफ्नो श्रीमान्को चिन्तालाई देखेर बाँदर्नीले एउटा चिठी आफू निस्केको रूखको टोड्कोमा खसाल्न भन्नु, चिठी खसालेपछि उनलाई कसैले धकेलेर पोखरीमा पुऱ्याइदिनु, फेरि कसैले बाहिर पाखामा निकालिदिनु, घर फर्कँदा श्रीमती र महल नै सुन्दर अनि फरक देखिनु, बाँदर्नी श्रीमती परम सुन्दरी हुनु, श्रीमती यसअघि श्राप परेर बाँदर्नी भएको थाहा पाउनु, यो भव्यताप्रति दाजुहरूलाई डाहा हुनु, छ नै जना दाजुहरूले कान्छो राजकुमारलाई श्रीमतीको बाँदरको खोस्रो (प्रतिमा वा बोक्रो) कतै राखेको भए त्यसलाई डढाउन भन्नु, उसले बाँदरको खोस्रोलाई डढाउनु, त्यो खोस्रो जति ड्ढ्छ उति नै श्रीमती जल्दै ऐया र आत्थु भन्दै घरबाट निस्कनु, ऊ श्रीमतीका पछि-पछि जाँदा बाटामा फकिर, साधु, सन्यासी र महात्मासँग क्रमशः टोप, खराउ, जादुवाला लट्ठी र मलहम पाएको प्रसङ्ग कथामा अभिव्यक्त छ । साथमा टोपले त्यसलाई लगाएपछि अरूका लागि अदृश्य बनाइदिने, खराउले उडाएर इच्छाअनुसारको स्थानमा पुऱ्याउने, लट्ठीले अह्राएको कामलाई फत्ते गरिदिने र मलहमले श्रीमतीको पोलेको घाउलाई निको तुल्याउने विशेषतालाई कथामा बताइएको छ । आफ्नी श्रीमती मैयाँ पुष्करद्वीप राजाकी छोरी भएको कुरा महात्माबाट थाहा पाएपछि राजकुमार त्यतैतिर जाने निर्णयमा पुगेको प्रसङ्ग छ । यसका साथै बाटामा भेटिएका सबैले उसकी श्रीमती प्राप्त गर्ने र फर्कँदा आफूलाई भेट्टाउन तथा आशीर्वाद लिन भन्नु, ती साधनको सहयोगमा श्रीमती भएको सहरमा पुग्नुसम्मको कथानक यस लोककथाको मध्य भाग हो ।

राजकुमार योगीको भेष धारण गरी खरानी घसेर बस्नु, अदृश्य शक्तिरूपी टोप लाएर घर-घर चहार्नु, उसको दर्शन गर्न आउनेहरूलाई घरको सबै वृत्तान्त बताइदिन थाल्नु, एवम् क्रममा यो खबर त्यहाँका राजाका दरबारसम्म पुग्नु, राजालाई आफ्नी

छोरीको डढेको शरीर र समस्यालाई ती योगीले पूरा गर्लान् भन्ने लाग्नु, राजाका मन्त्रीले उनलाई रिझाएर दरबारमा ल्याउन नसक्नु, यसपछि राजाले नै आएर विभिन्न तरहले विन्ती गरेपछि योगीरूपी राजकुमार दरबार जानु, मैयाँको त्यो अवस्था देखेर चिन्ताग्रस्त हुनु, मैयाँका घाउलाई धोईपखाली मलहम लगाइदिनु, मैयाँको शरीरमा अचम्मको परिवर्तन र सुधार हुनु, योगीरूपी राजकुमारको सबैले प्रशंसा गर्नु, आधा रातमा योगीरूपी राजकुमार अदृश्य हुने टोप लाएर मैयाँको कोठामा पुग्नु, मैयाँले आफ्नै पतिदेव भएको थाहा पाएपछि खुशीको सीमा नरहनु, मैयाँ ठीक भएपछि राजाले आफूसँग भएको जे मागे पनि दिने बाचा गर्नु, योगीरूपी राजकुमारले तिनै उपचार गरेकी छोरी माग्नु, राजा क्रोधित भएर अपराध लागे पनि छोरी नदिने र दरबारबाट बाहिर निकाल्ने आदेश दिनु, उसले सन्यासीले दिएको लट्ठीलाई मैयाँबाहेक सबैको ढाडमा हिर्काउने आदेश दिनु, सबै त्राही-त्राही हुनु, राजा छोरी दिन मञ्जुर हुनु, योगीरूपी राजकुमारले आफ्नो राजकुमार भएको स्वरूप देखाउनु, राजा र अन्य त्यहाँका मानिसहरू खुशी हुनु, छोरी-ज्वाईंलाई बिदा गर्नु, राजकुमारले बाटामा फकिर, साधु, सन्यासी र महात्मासँग भेट्दै आशीर्वाद लिएका घटना वर्णित छन् । यसका साथै उनीहरूको सामानलाई फिर्ता दिएर आनन्दले रहनुसम्मको घटनाको तारतम्यमा यो लोककथाको अन्त्य भएको छ ।

लोककथालाई कलात्मक संयोजन गरेर उत्सुकताप्रद तुल्याइएको छ । आफ्नी श्रीमतीका लागि पुरुषार्थ देखाउनुपर्ने एउटा संस्कार एकातिर यसमा प्रकट भएको छ भने अर्कातिर भाइभाइबिचमा आपसी ईर्ष्याबोध हुने कुटिल सोचलाई स्पष्ट देखाइएको छ :

'कान्छाकी बाँदर्नी स्वास्नी थिई, अहिले यस्ती परम सुन्दरी कसो गरी भई ? फेरि भाइले त्यस्तो ऐश्वर्य कहाँबाट पायो र यस्तो तवरसँग सबको सत्कार गर्न पायो (पृ. ९२) ?'

कथामा भाइभाइले पनि कमजोरको प्रगतिमा रमाउनुको साटो दुर्गति नै भइरहोस् भन्ने चाहना राखेको देखाइएको छ । सात भाइमध्ये छ जनाले कान्छोलाई कुभलो चिताई नराम्रो बुद्धि हालेर भ्रममा पारिदिनुले पनि हिजोको समाजमा सकारात्मक कुरामा भन्दा नकारात्मक कुरामा बढी एकता हुने पद्धति रहेछ भन्ने कुरा बोध हुन्छ । यस लोकथामा उत्सुकता, जादुगरी घटना, मनोरञ्जक विषयले अन्ततः समाजमा कुभलो चिताउने दाजुको हार भएको देखाएर पूर्वीय सुखान्त साहित्यकै प्रभावलाई देखाइएको छ ।

## ६.२ चरित्र

### (क) सैद्धान्तिक पक्ष

कथामा कथानकअनुसार भूमिका निर्वाह गर्ने व्यक्ति वा पात्रलाई चरित्र भनिन्छ । चरित्रले कथानकलाई अगाडि बढाएको हुन्छ । कथानकका उपकरणका रूपमा रहेका

द्वन्द्व, क्रियाव्यापार, कुतूहलता आदिलाई चलायमान तुल्याउने प्रमुख अङ्ग नै पात्र हो (भण्डारी र अन्य, २०६८ : ८)। लोककथामा मानवीय र मानवेतर दुवै प्रकृतिका पात्रलाई उपयोग गरिएको हुन्छ। देवीदेवता, राक्षस, भूतप्रेत, बोक्सी, वनस्पति आदि चरित्रलाई लोककथामा प्रयोग गरिएको पाइन्छ। यिनका क्रियाकलापका आधारमा मानवेतर वस्तु तथा चीजलाई पनि मानवीकरण गरी भूमिका निर्वाह गराइएको हुन्छ। कथाको चरित्रमा सजीवता, स्वाभाविकता, मनोवैज्ञानिक विश्लेषणमा आन्तरिक द्वन्द्वको स्थापना हुनु राम्रो मानिन्छ (गिरी, २०७५ : ५२)। भूमिकाका आधारमा, मानव-मानवेतरका आधारमा, सामाजिक मर्यादाका आधारमा, प्रतिकूल-अनुकूल स्वभावका आधारमा, व्यक्ति वा वर्गगत आधारमा, गतिशील र गतिहीन प्रकृतिका आधारमा लोककथाका पात्रलाई विभिन्न तवरले वर्गीकृत गर्न सकिन्छ। यसर्थ कथामा मुख्यतः उसको कार्यकलाप, उसका कुराकानी, समाख्याताको टिप्पणी आदिका माध्यमबाट चरित्रलाई देखाउने वा प्रस्तुत गर्ने कार्य गरिन्छ (शर्मा र लुइटेल, २०६३ : ३७६)। लोककथामा प्रयोग भएका कतिपय पात्रहरू दिव्यशक्ति, अद्भूत शक्ति र अर्द्धदैविक शक्तिवाला देखिन्छन्। यस्ता शक्ति प्राप्त गर्ने पात्र नै विशेषतः लोककथामा नायक, नायिका वा खलनायकका रूपमा प्रस्तुत हुन्छन्। यिनीहरूका कार्यकलापले कथामा असाधारण तथा रोमाञ्चक बनाई गति दिने काम गर्दछ। पूर्वीय दर्शन र संस्कृतिको प्रभावका कारण यसबाट प्रभावित समाजमा प्रयुक्त लोककथामा मूलतः आदर्शवादी चरित्रले नै विजय हासिल गरेको देखाइन्छ।

### (ख) विश्लेषण

#### अ. राजकुमार

'बाँदर्नी मैयाँको कथा' लोककथामा प्रमुख पुरुष पात्रका रूपमा राजाको कान्छो राजकुमार (रूपधारण गरेको योगी) हो। उसमा नायकभित्र हुनुपर्ने असल गुणहरू छन्। राजकुमार अनुकूल वा आदर्श, व्यक्तिगत, मञ्चीय, बद्ध, स्थिर पात्र हो। ऊ आफू उपरको आज्ञालाई पालन गर्ने आदर्श पात्र हो। उसले दाजुहरूको कपटपूर्ण वचनलाई आदर्शवादी भएर पालना गरेको छ :

'तिम्री दुलहीले त्यो बाँदर्नीको खोस्रो कतै लुकाएर राखेकी होलिन्। त्यो खोस्रो भएसम्म तिनले बाँदर्नी हुन छोड्ने छैनन् तर तिमीले माझचोकमा लगेर त्यो खोस्रो जलाइदियौ भने उनी सदा परमसुन्दरी युवती नै रहनेछिन् (पृ.९२)।'

राजकुमार पत्नीलाई माया गर्ने र आफ्नो गल्तीलाई स्वीकार गरी कमजोरीमा झुक्न जान्ने व्यक्ति हो। उसले आफ्नी श्रीमती मैयाँसँग अन्तमा पुष्करद्वीपका दरबारमा हुँदै माफी मागेको छ : 'मैयाँ ! बिराएँ, दाजुहरूको बहकावटमा लागेर मैले तिम्रो दुर्दशा पारेँ, मलाई क्षमा गर (पृ. ९४)।' ऊ आफ्नी श्रीमतीलाई चोखो माया गर्ने र साहसी व्यक्ति पनि हो। श्रीमतीको उपचारमा हतारो गर्नुपर्ने कुरामा भने राजकुमारको कमजोरी देखिन्छ। आपत् परेका बखतमा उसले योगीकै रूपमा

रहिरहनुले उसमा सम्मानको दम्भ रहेको कुरा बोध भएको छ । 'राजकर्मचारीहरूले योगीकहाँ गएर राजाको हुकुम सुनाए तर योगीले टेरपुच्छरै लाएनन्, सब हार खाएर फर्के (पृ.९३) ।' यद्यपि, राजाको आग्रहपश्चात् राजकुमार महलमा पुगेर आफ्नी श्रीमतीको अवस्थाप्रति चिन्तित नभएको भने होइन- 'दरबारमा पुगी मैयाँको खोपीमा गएर उनको दुर्दशा देख्ता योगीको मन रहन सकेन । आफ्नो मनलाई खूब बाँधेर योगीले मैयाँको घाउहरू धोई, पखाली उनीहरूमा (घाउमा) मलहम लगाइदिए (पृ.९४) ।' राजकुमारले रूप बदलेर भए पनि आफ्नी श्रीमतीको उपचार गर्ने लक्ष्यलाई पूरा गर्नु आपसी प्रेमको उदाहरण हो ।

नदीनाला, देशदेशान्तर पार गरी, घर पत्ता लगाई उपचार गरेपश्चात् सन्चो बनाएर पत्नीलाई सच्चा प्रेम गरेको स्पष्ट देखिन्छ । ऊ आफ्नो दायित्वबाट चुकेको देखिँदैन । उसले आफ्नो बुवाको आज्ञामुताबिक नै कर्म सम्झेर बाँदर्नीसँग विवाह गर्नु, दाजुहरूको झुटो प्रपञ्चलाई पनि आज्ञा सम्झेर पालना गर्नु र श्रीमतीलाई पनि चोरेर वा नभनी ल्याउनुको साटो विधिमुताबिक पुष्करद्वीप राजाका दरबारबाट ससम्मान लिएर आउनुले यो कुरा पुष्टि हुन्छ ।

**आ. मैयाँ**

'बाँदर्नी मैयाँको कथा' लोककथाकी अर्की प्रमुख नारी पात्र मैयाँलाई श्राप परेको थियो । मैयाँ जादुतत्त्वद्वारा निर्मित पात्र हो । ऊ मानवेतर पात्र बादर्नीबाट सुन्दर युवती भएर मानवमा परिणत भएकी छे । लोककथामा पाइने जादुगरी र जिज्ञासालाई यस कथाकी प्रमुख नारी पात्र मैयाँको भूमिकाले पुष्टि गरेको छ । मैयाँ कान्छा राजकुमारकी श्रीमती तथा आदर्श पात्र हो । बाँदर्नी अवस्थादेखि मानव रूपसम्ममा नै मैयाँ यस कथाकी प्रमुख नारी पात्र, आदर्श, अनुकूल, स्थिर सोच भएकी, मञ्चीय, बद्ध पात्र हो । मानव पात्रबाट मानवेतर पात्रमा परिणत भएकी तथा जादुगरी प्रभावमा परेकी पात्र भएकाले मैयाँ लोककथाको विशेषताभित्र पर्ने प्रमुख पात्र हो । उसमा पनि राजकुमार जस्तै सहनशीलता र आदर्शताको भाव देखिन्छ । आफ्ना श्रीमान्ले जेठाजुहरूको षड्यन्त्रमा परी आफूबाट गल्ती भएको र मैयाँले दुःख पाउनु परेको भावलाई व्यक्त गर्दा दिएको प्रतिक्रियाबाट पनि यो कुरा छर्लङ्ग हुन्छ :

'त्यसमा हजुरको केही दोष छैन । जो हुनु थियो सो भइगयो, अबदेखि मलाई बाँदर्नी भएर रहन परेन (पृ. ९५) ।'

कथाको प्रारम्भदेखि अन्त्यसम्म मैयाँको भूमिका रहेको छ । यसर्थ ऊ यस कथाकी मुख्य पात्र हो । उसकै नामबाट यो कथालाई शीर्षकीकृत गरिएकाले पनि यस कथामा मैयाँको उपस्थिति महत्त्वपूर्ण रहेको छ ।

यो लोककथामा राजकुमारका छ जना दाजुहरू खलपात्रका रूपमा आएका छन् । यसका अतिरिक्त यस कथामा कान्छा राजकुमारबाहेकका छ जना दाजु र भाउजूहरू, राजा, पुष्करद्वीप राजा, फकीर, साधु, सन्यासी, महात्मा लगायत राजकुमार र मैयाँका राज्यका मन्त्री तथा कर्मचारीहरूको सहभागिता रहेको छ तथापि केन्द्रीय भूमिकामा भने राजकुमार र मैयाँ नै उपस्थित छन् ।

## ६.३ परिवेश

### (क) सैद्धान्तिक पक्ष

लोककथामा पात्रहरूले भूमिका निर्वाह गरेको समय, देशकाल वा वातावरण तथा अवस्थाको आँकलनीय क्षेत्रलाई परिवेश भन्नुपर्ने हुन्छ । लोककथाभित्र काल्पनिक घटना हुने हुँदा कथाको परिवेश पनि पारलौकिक प्रकृतिको हुन्छ । स्थान र समयका साथै स्थान विशेषको वा समय विशेषको रीतिथिति, आचरण, व्यवहार, रहनसहन, विश्वास, मान्यता, प्राकृतिक पृष्ठभूमि, भौगोलिक अवस्थिति, जीवन र सोचाइ आदि पनि परिवेशभित्रै आउँदछन् (शर्मा र लुइटेल, २०६३ : ३७६) । लोककथाको परिवेश लौकिक र अलौकिक दुवै हुन सक्छ । कथाको प्रकृति र रुचि क्षेत्रका आधारमा सामाजिक लोककथामा प्रायः लौकिक तथा धार्मिक, पौराणिक र अतिरञ्जित कथाहरूमा प्रायः अलौकिक परिवेशको चित्रण गरिएको हुन्छ । लोककथाका पात्रहरूले पत्याउनै नसकिने अद्भुत कार्य गर्ने र लोकलाई छक्क पार्ने गर्दछन् । यो लोककथाको आफ्नै विशिष्ट पक्ष हो (पराजुली र गिरी, २०६८ : १८४) । लोककथामा प्रायः स्थानीय परिवेश र आञ्चलिकता झल्किन्छ । यसमा कथानक र पात्रलाई विचित्र तवरमा जोडी कथाको सङ्गठनमा चामत्कारिकता थपिएको हुन्छ । यसर्थ लोककथाको परिवेशले तत्कालीन लोकजीवनको वस्तुस्थिति र लवाइखवाइ तथा संस्कारलाई चिनाएको हुन्छ ।

### (ख) विश्लेषण

प्रस्तुत कथा मूलतः लौकिक परिवेशमा नै संरचित भए पनि त्यहाँका घटनामा जादुगरी परिवेश छ । प्रारम्भमा राजकुमारको राज्यतिर र खोस्रो जलाएकाले मैयाँको शरीर बल्न थालेपछिको परिवेश पुष्करद्वीप राज्यतिरको कथामा आधारित छ । घटनाका आधारमा हेर्दा कान्छा राजकुमारतिरको एउटा घटना र मैयाँको माइती दरबार पुस्करद्वीपको अर्को घटना गरी कथामा दुई खण्डको परिवेश छ । कथामा हिन्दू दर्शनगत विश्वासको परिवेश छ । यस दर्शनको प्रभाव र विश्वासमा अडेको रूढलाई कथाले प्रारम्भबाटै टिपेको छ । सन्तानेश्वर महादेवको भक्तले सन्तान प्राप्त गर्ने विश्वास गरिएको छ : 'सन्तानेश्वर महादेवका परमभक्त हुनाले उनलाई सन्तानको केही कमी थिएन । राजकुमारहरू मात्र सातवटा थिए (पृ.९०) ।' यस कथामा घटनाका हिसाबमा राजसी चालचलन, विवाह जस्तो कुरालाई खेलाँची मानिएको तर आदर्शता र कर्मलाई स्वीकार गरिएको परिवेशलाई नियाल्न सकिन्छ । राजाले आफ्नो सबैभन्दा प्यारो कान्छो छोरालाई बाँदर्नीसँग कसरी बिहे गरिदिने

भन्ने चिन्ता भइरहँदा राजकुमारले 'मेरो कर्ममा यस्तै लेखेको रहेछ, म यसैसित बिहा गर्छु (पृ. ९०)' भन्नुले पनि कर्ममा विश्वास गर्ने सामाजिक परिवेश चित्रित छ ।

कथाको प्रकृति र रुचिका आधारमा हेर्दा यस कथामा अतिरञ्जित घटनाहरू आएका देखिन्छन् । फकिर, साधु, सन्यासी र महात्माद्वारा राजकुमारलाई दिइएका समग्रीहरू सामान्य लौकिक जीवनभन्दा पृथक् रूपमा कथामा व्यक्त भएर आएका छन् :

| **पात्र** | **चीज/वस्तु** | **प्रकृति (तिलस्मी विशेषता)** | **राजकुमारद्वारा प्रयोग** |
|---|---|---|---|
| फकिर | टोप (टोपी) | जसलाई लगाएपछि आफूले देख्ने तर अरूले आफूलाई नदेख्ने (पारलौकिक घटना) | घर-घरमा गएर विवरण लिन सहज हुनु र योगीको भेष धारण गरेर सबै बताउँदै छिट्टै लोकप्रियता कमाउनु |
| साधु | खराउ | चाहेको ठाउँमा उडाएर लैजाने (पारलौकिक घटना) | टोप लगाएर नदेखिने भई घरघरमा जानु तथा मैयाँको कोठामा जान सहयोग पुग्नु |
| सन्यासी | लट्ठी | जे कुरा अह्राए पनि काम फत्ते गरेर आउने (पारलौकिक घटना) | आफूले उपचार गरेर निको तुल्याएकी छोरी (मैयाँ) लाई माग्दा राजाद्वारा अपमान गरी गलहत्याउन भनेपछि उपयोग गर्नु |
| महात्मा | मलहम | दुई मात्रामा आराम हुने चीज (लौकिक घटना) | मैयाँको घाउलाई निको तुल्याउनु |

चामत्कारिक सन्दर्भको प्रस्तुति लोककथाको आफ्नै विशेषता पनि हो । मूलतः राजा, मन्त्री, भोज, गरगहना र शृङ्गारजस्ता पात्र र घटना कथाभित्र आएकाले यो कथाको परिवेश खानदानी परम्परामा आधारित रहेको देखिन्छ । समाजभित्र आपसमा नै डाहा गर्ने तथा यस कुरामा छ-छ जना दाजुभाइ नै एक भएको घटनालाई हेर्दा नकारात्मक सोच बोक्नेको एकता हुने परिवेशलाई नियाल्न सकिन्छ । तथापि, मर्यादा र आदर्शलाई पालना गर्ने राजकुमार (राजाका कान्छा छोरा) र मैयाँको सोचको विजय भएको देखाउनुले 'सत्यमेव जयते' लाई बोध गराउँछ ।

यस कथामा भेष धारण गर्ने, जादुगरीका कुरा, रूप बदलिने, आशीर्वाद प्राप्त गर्ने लगायतका घटनाले पनि लोककथात्मक पृष्ठाधारलाई शिरोधार्य गरिएको छ । प्रेमाकर्षणमा जटिल हुने र बहादुरी देखाउनुपर्ने शैली यस कथाभित्र पाइन्छ । योगीरूपी राजकुमार राजा लिन आएपछि मात्र दरबार जानु र राजकुमारले छोरी दिएपछि मात्र लिएर आउनुले दम्भ र स्वाभिमानको प्रकृतिलाई बोध गराइएको छ :

'महाराज ! म हजुरकी छोरीको लायक नभएको होइन । यथार्थमा म राजकुमार हुँ, उसमा पनि हजुरकी छोरी पहिले नै मेरी भैसकेकी छिन् (पृ. ९५) ।'

असल र पवित्र प्रेमको आदर्श परिवेशलाई यस कथामा चित्रण गरिएको छ । उक्त समयमा आदर्श प्रेमका लागि त्याग र सत्यतामा विश्वास रहेको थियो भन्न सकिन्छ । तत्कालीन परिवेश तथा आजको ग्रामीण नेपाली मौलिकताको झझल्को कथाभित्र छ । यसर्थ प्रस्तुत बाँदर्नी मैयाँको कथामा ग्रामीण नेपाली समाजको सोच र वास्तविकतालाई प्रस्तुत गरिएको पुष्टि हुन्छ ।

## ६.४ उद्देश्य

### (क) सैद्धान्तिक पक्ष

लोकसाहित्यले विशेष गरेर मनोरञ्जन प्रदान गर्ने गराउने उद्देश्य राखे पनि आदर्शताको पाठलाई सिकाएको देखिन्छ । शिष्ट साहित्यको रचना कुनै न कुनै उद्देश्यका सारमा भएको हुन्छ । श्रोतालाई खुशी प्रदान गर्ने तथा बच्चादेखि बूढा उमेरसम्मका वर्गलाई एकैसाथ राख्ने र एकै तवरले मनोरञ्जन दिने खुबी लोककथाभित्र हुन्छ । यसका अतिरिक्त नैतिक आदर्शताको सन्देश सिकाउनु, शिक्षा र उपदेश दिनु, लोककल्याणमा लाग्न प्रेरणा दिनु, कृषि-पशुपालन आदि कर्म र पेसामा रहँदा आपसी सद्भाव र भाइचारा कायम राख्नु, तत्कालीन समाजलाई सही मार्ग दर्शन प्रदान गर्नु जस्ता थुप्रै उद्देश्यलाई साथमा गाँसिएको हुन्छ भन्न सकिन्छ । यद्यपि, त्यही समय र परिवेशलाई हेर्दा तत्कालीन समयको समाजलाई सकारात्मक बाटोमा लाग्न उत्प्रेरणा दिनु लोकसाहित्य तथा लोककथाको उद्देश्य रहेको बुझिन्छ ।

लोकसाहित्यको सिर्जना विश्वका नाना क्षेत्रमा बसोबास गर्ने मानव समुदायको परिस्थितिमा भएको भए पनि मूलतः ती सबै समुदायका लोकसाहित्यको गठन वा संरचना प्रायः समान रहेको पाइन्छ (पौडेल, २०७४ : ३७) । यसै आधारमा नैतिक आदर्शको शिक्षा प्रदान गर्नु, धर्मको प्रचार गर्नु जस्ता पक्षहरू लोककथाभित्र समेटिएका हुन्छन् । बौद्धिक ज्ञान, दया-माया, उत्साह, सान्त्वना, वीरता, उपदेश, क्षणिक आनन्द, मानसिक र शारीरिक जाँगर प्रदान गराउने जस्ता तत्कालीन आवश्यकतामुखी उद्देश्यमा लोककथाको संरचना कसिलो भएको पाइन्छ । लोककथा खास स्थान र समयसँग नभएका सम्बन्धित आख्यान हुन् (बराल, २०७६ : १७९) । लोककथाको उद्देश्यलाई स्थान र समय अनुरूप व्याख्या गर्नुभन्दा मनोरञ्जनप्रद रहेर आदर्श ज्ञान सिकाउने साहित्यिक गुणका आधारमा हेरिनु बढी सान्दर्भिक हुन्छ । वर्तमान समयको जस्तो भुल्ने र भुलाउने भौतिक स्रोत साधनको विकास नहुनु र खेती किसानी पेसामा आबद्ध हुनुपर्दा यसो बसीबियाँलो गर्ने, मेलापात, गोठालो जाँदा भेला भएर हासपरिहास गर्ने उद्देश्यले लोककथाको रचना हुन्थ्यो भन्न सकिन्छ ।

### (ख) विश्लेषण

'बाँदर्नी मैयाँको कथा' लोककथाले मनोरञ्जनका साथमा नैतिक आदर्शताको सन्देशलाई बोध गराएको देखिन्छ । कथाकार अधिकारीले यस कथामा कथागत सिलसिलाको

बुनोटमा ध्यान पुऱ्याएकाले पनि कथानकमा मिठास भरिएको छ । राजकुमारकी श्रीमती बाँदर्नी हुँदा, श्रीमतीको सल्लाहबमोजिम रुखको टोड्कोमा चिठी हाल्न लाग्दा कसैले पोखरीमा खसाल्दा, मैयाँलाई आगो लाग्दा, राजकुमार र मैयाँको वियोग हुँदा, राजकुमार मैयाँको कोठामा पुग्दा, राजाले भेषधारी राजकुमारीलाई मैयाँ नदिने भनी बाचालाई तोड्दा पाठक वर्ग चिन्ता र कौतूहलताको पोखरीमा डुबुल्की मार्न पुग्छन् ।

प्रस्तुत लोककथा संयोगान्त विशेषता बमोजिम नै संयोजित छ । यसमा जादुतत्त्वको माध्यमबाट श्रोतालाई आनन्द दिन चाहेको घटना पनि सशक्त बनेको छ । कर्मवादी विचार, आदर्शवादी सोच तथा आज्ञाकारी मर्यादालाई कथामा बोध गराउन खोजिएको छ । साँचो प्रेमको सफलता र त्यागलाई यस कथाले मूल रूपमा देखाएको छ । मैयाँका बुवाले राजकुमारको साँचो प्रेमलाई सम्मान गर्दै भनेको कुराले यसलाई पुष्टि गर्छ :

'मेरी छोरी त्यस्तो आपत्मा परेको बेलामा नदीनाला, देशदेशावर नाघी उनलाई पत्ता लगाई यिनले निको समेत पारे भने यिनको प्रेम सच्चा रहेछ भन्ने विचारले फुलेर राजाले अनेक धनदौलत, लावालस्करसाथ मैयाँलाई योगीको भेष लिएका राजकुमारलाई सुम्पिदिए (पृ.९६) ।'

हृदयबाट गरिएको समर्पणको भावनात्मक विषयका रूपमा यस कथाभित्र राजकुमार र मैयाँप्रतिको समर्पणलाई देखाइएको छ । यिनीहरूबिच आपसमा सद्भाव राख्ने विषयले कथालाई सौन्दर्यपरक तुल्याइदिएको छ । पति-पत्नीको गाढा प्रेम हुनुपर्ने सामाजिक मर्म, जोगी-सन्तको अर्ति मान्ने सांस्कृतिक सोच, पारिवारिक मर्यादा र सम्मानमा कटिबद्ध हुने लगायतका लौकिक आदर्शभावलाई कथाले बोध गराएको छ । यो कथाको मूल उद्देश्य आदर्शवादी प्रेमको प्रकटीकृत सत्यताको कर्म र विश्वासवादी सक्रियता हो । फलतः यसमा मर्यादा र दायित्वको उद्बोधन समेत भएको छ । कथाका माध्यमबाट तत्कालीन समाजको विचार, भावना, विश्वास, चालचलन, भोगविलासी शैली, राजामहाराजाको प्रभाव, साधुसन्तको मन्त्र-तन्त्रादि शक्ति प्रयोगको संस्कार, आयुर्वेदको उपयोग, बाचा-बन्धन गर्ने परम्परा, अन्ततः सत्यको जित हुनुपर्ने जस्ता पूर्वीय दर्शनका विविध मान्यतालाई समाविष्ट गराउने अभिष्ट राखिएको पुष्टि हुन्छ ।

## ६.५ भाषाशैली

### (क) सैद्धान्तिक पक्ष

लोकसाहित्य प्रस्तुतीकरणको शैली लोकभाषामा हुन्छ । लोकसाहित्यमा प्रयुक्त भाषा लोकजीवनको जनबोलीमा आधारित हुन्छ । यसर्थ लोकसाहित्यमा स्थानीय भाषिकाको प्रभाव रहेको हुन्छ । लोकसाहित्यमा प्रयुक्त भाषिकागत प्रभावका आधारमा हेर्दा लोककथाको भाषा सरल, सहज र बोधगम्य हुन्छ । साना बालबच्चादेखि वृद्धसम्मलाई समेट्ने हुँदा लोककथामा मूलतः अभिधात्मक भाषाकै बढी प्रयोग हुन्छ । छोटाछोटा

र सहज प्रकृतिका भाषाको बाहुल्यता हुनु लोककथाको आफ्नै विशेषता हो । यसमा उच्चकुलीन घरानियाँ वर्गले मात्र नभई सामान्य मानिसले पनि बुझ्ने प्रकारको तार्किक विकास हुन्छ र यो गार्हस्थप्रधान कथा (Household) हुने हुँदा सरल हुन्छ (बराल, २०७६ : १८१) । लोककथाको माध्यम पद्यमा नभएर गद्य भाषामा हुन्छ तथापि कतिपय अवस्थामा बिचबिचमा पद्यको मिश्रण भएको पनि पाइन्छ । यसरी पद्यको मिश्रणले अझ श्रुतिरम्यता थपेको देखिन्छ । फलतः कथालाई प्रभावकारी र अविस्मरणीय बनाइदिन्छ । यो एक प्रकारको शैली वा तरिका हो । सबै प्रकारका लोककथाहरूको शैली लोकशैलीमा हुने गर्दछ (पराजुली र गिरी, २०६८ : १८७) । लोककथाभित्र स्थानीय स्तरमा प्रचलित विभिन्न उखान, टुक्का, गाउँ खाने कथा, उपकथाको संयोजन, थेगो आदिको मिश्रण भएको पाइन्छ । मौखिक आधारमा एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुने अलिखित साहित्य भएकाले यसमा केही पुस्तागत परिवर्तनीय प्रभाव परेको हुन्छ ।

मिथक र लोककथाको सम्बन्धलाई हेर्ने हो भने शैलीगत आधारमा व्यापक भिन्नता रहेको देखिन्छ । मिथकमा पनि स्वैरकल्पना हुन्छ तर त्यो यथार्थ जीवनप्रद नै हुन्छ । लोककथामाचाहिँ अलौकिक स्वैरकल्पना मात्रै हाबी हुन्छ । कथालाई प्रस्तुत गरिने मौखिक प्रस्तुतीकरणमा शैली वा ढङ्गको प्रभाव रहने हुँदा लोककथालाई वर्णनात्मक विधाको स्थानमा राखेर हेर्न सकिन्छ । शिक्षित वर्गले मात्रै बोध गर्न सक्ने, अतिप्राकृतिक, गहन भावको प्रस्तुति रहने जस्ता गुणले मिथकमा आद्यबिम्बको प्रयोग ज्यादा हुने हुन्छ । मिथक र लोककथाहरू पहिले मौखिक परम्पराबाटै विकसित भएका भए तापनि भौगोलिक दूरी तथा समयको गतिका कारण लोककथामा जस्तो परिवर्तन देखा पर्छ, त्यो मिथकमा देखिँदैन (बराल, २०७६ : १७८) । लोककथा भन्ने र सुन्ने विधा भएकाले पनि आपसमा वक्ता र श्रोताको अवस्था र परिवेशगत प्रभाव रहन्छ । वक्ताको कला र स्पष्टताले श्रोतालाई प्रभाव ग्रहण गराउन मद्दत पुग्ने वा नपुग्ने भन्ने हुन्छ । लोककथाको शैलीमा अर्थको जटिलता तथा बिम्ब र प्रतीकको प्रधानता हुँदैन (शर्मा र लुइटेल, २०६३ : २७७) । कतिपय लोककथाको शैलीगत प्रयोगलाई हेर्दा कथाको प्रारम्भमा ‘एकादेशमा……, परापूर्वकालमा…………., कुनै समयमा……………, उहिले उहिले…………’ जस्ता शब्द तथा पदावलीहरूको प्रयोग भएको हुन्छ भने अन्तमा ‘सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला’ जस्ता उक्तिहरूलाई प्रयोग गरिएको देखिन्छ । यसर्थ लोककथाको शैलीगत सहजता र कौतुहलताको स्वैरकाल्पनिक सुगठन र चामत्कारिकताले पाठकप्रिय बन्न सक्ने सम्भाव्यता बढी हुन्छ ।

**(ख) विश्लेषण**

कथाकार बोधविक्रम अधिकारीले लोककथात्मक भाषाशैली अनुरूप प्रस्तुत ‘बाँदर्नी मैयाँको कथा’ लोककथालाई संयोजन गरेका छन् । कथाको प्रारम्भ ‘एकादेशमा…..’ बाट भएको छ भने अन्त्यचाहिँ ‘सुन्नेलाई सुनको माला…..’ मा गएर टुङ्गिएको छ । यस कथामा प्रयुक्त

भाषा सरल, सहज र बोधगम्य छ । लोककथामा घटना र चरित्रको संयोजनको चातुर्यता आवश्यक रहेको हुन्छ जुन कुरालाई प्रस्तुत कथामा समावेश गरिएको छ । राजकुमार र बाँदर्नीको बिहे गराई बाँदर्नीलाई मान्छे बनाएर चामत्कारिक पक्षको संयोजन गरिएको छ । त्यसैले यस कथामा आएका पात्र र घटनाको पूर्वापर सहसम्बन्ध, सिलसिलेवार तारतम्य संयोजित देखिन्छ । साधु, जोगी, सन्यासी र महात्माले दिएका वस्तु र आशीर्वादद्वारा यस कथाको प्रमुख पात्र राजकुमारलाई साहसी र वीर बनाउन मद्दत पुऱ्याइएको देखिन्छ । यो कथा अलिकति सामाजिक पृष्ठभूमिसँग लौकिक जीवनमुखी नै बन्न गएको छ । आदि, मध्य र अन्त्यको सुगठित संयोजनभित्र सुखान्त घटनालाई जोडेर पाठकमा मनोरञ्जन प्रदान गर्ने उद्देश्य राखिएको छ । यसमा मैयाँको नामबाट कथाको शीर्षक चयन गराएर राजकुमारलाई शूरवीर पात्र बनाइएको देखिन्छ ।

कथामा प्रयुक्त भाषाशैली पात्रगत शैलीभन्दा घटनामुखी रहेको छ । यसर्थ रीतिक्षेत्रका आधारमा यो घटनाप्रधान कथा हो । यसमा एकपछि अर्को घटनालाई सावधानीपूर्वक बुनिएको छ । 'राजाका सात भाइ छोरा-कान्छाले बाँदर्नी श्रीमती पाउनु-बाँदर्नीबाट मान्छे हुनु-जल्नु-राजकुमारले फर्काएर ल्याउनु र आनन्दले बस्नु' यस कथाको मूल संरचना हो । कथाकारले कथावस्तुलाई वर्णनात्मक शैली तथा घटनालाई रैखिक शैलीमा चर्चा गरेका छन् । यी घटनालाई हेर्दा बाँदर्नी मान्छे बनेपछि नै कथा सकिएको छ तर सुन्दर युवती बनेकी मैयाँको बाँदरको खोस्रो बाँकी रहेको र दाजुहरूको कपटलाई नबुझेर कान्छो राजकुमारले त्यसलाई जलाउँदा मैयाँ जल्नु अर्को गाँसिएको घटना हो । अतः यो थोरै संवादात्मक र धेरै घटनाप्रधान बनेको कथा हो ।

कथामा सन्दर्भगत प्रस्तुतिलाई कथाकारको शैलीगत अवधारणाले समेटेको छ, '....शरीर दनदनी बलिरहेको थियो, अग्निको दाह सहन नसकेर 'मरेँ बाबा' भनेर चिच्याउँदै दगुरेकी थिइन् (पृ.९२) ।' यसमा अनुकरणात्मक शब्द प्रयोग, भावप्रवाहको गत्यात्मकता, वर्णनात्मक कथन अर्थात् तृतीय पुरुषको प्राधान्यता रहेको छ । यसमा पात्रकै आधारमा आञ्चलिक भाषाको उस्तो प्रयोग भने देखिँदैन । कथाकारकै भाषिक अभिव्यक्तिगत शैलीको प्रभाव पनि रहेको देखिन्छ । 'भोलिपल्ट जब सूर्यनारायणले पृथ्वीतलका प्राणीहरूलाई फेरि दर्शन दिए अनि दरबारमा सब भाइ-भारदार, मन्त्रीहरू जम्मा भए (पृ.९५) ।' कथाको भाषामा सूर्यनारायणले पृथ्वीतलमा दर्शन दिने सन्दर्भलाई कथाकारको आफ्नो शैलीका हो यद्यपि यसमा पनि पूर्वीय दर्शनको प्रभाव रहेको छ । वास्तवमा कथाकारको आफ्नोपनको अभावविना पनि लोककथा लिखित रूपमा उत्रन सक्दैन । यस कथामा भाषिक प्रयोगका आधारमा केही घटनाको बुनोटभित्र लामा वाक्यको प्रयोग भएको देखिन्छ :

'अब राजकुमारले योगीको भेष धरेर आङभरि खरानी घसी अगाडि चिम्टा गाडेर पद्मासन कसेर बसे (पृ. ९३) ।' यस वाक्यमा कथाकारले 'राजकुमारले योगीको भेष धारण गरे । आङभरि घरानी घसे । अगाडि चिम्टालाई गाडेर राखे । त्यसपछि पद्मासन कसे ।' भन्दा

अझ बढी मिठास हुन्छ । अतः कतिपय अवस्थामा संयुक्त वाक्यलाई कथाकारले प्रयोग गरेको देखिन्छ । यसमा प्रयुक्त हरेक भाषिक अभिव्यक्ति बोधगम्य भने छ । घटनाको अनुक्रमिकता पनि बगेको छ । यसर्थ प्रस्तुत कथामा भाषिक सुगठन र लोककथात्मक भाषाशैलीगत संयोजनमा सचेतता अपनाइएको कुरा प्रष्ट हुन्छ ।

उल्लिखित ढाँचागत विश्लेषणबाट लोककथा संरचनात्मक पक्षसँगै भावगत गहनता र सन्देशको प्रभावले रोचक हुने कुरा पुष्टि भएको छ । मौखिक कथनमा आधारित भए पनि लोककथाको बनोट र संरचना लिखित कथा जस्तै हुन्छ । पारलौकिक विश्वासले लोककथामा कौतुहलको पक्ष बढी बलियो हुन्छ । विशेष गरेर बालबालिकाले यस्ता कथाबाट मनोरञ्जन लिइरहेका हुन्छन् । भारतीय लोकसाहित्यविज्ञ सत्येन्द्रको लोकतत्त्वगत विचारलाई आधार मान्दै पराजुली (२०६२/०६३ : २९) द्वारा प्रस्तुत गरिएको पाँच शीर्षकलाई बाँदर्नी मैयाँको कथाले मूलतः समेटेको छ :

- अतिकल्पना/स्वैरकल्पनाप्रतिका विश्वासहरू : टोप, खराउ, लट्ठी र मलहममा विश्वास
- जादु, टुनामुना र योगसँग सम्बन्धित विश्वासहरू : सन्त, योगी, साधुको ध्यान तथा मन्त्र
- धर्म र अनुष्ठानप्रतिका विश्वासहरू : सन्तानेश्वर महादेवका भक्त भएकाले सात भाइ छोरा हुनु
- आत्मशीलताप्रतिका विश्वासहरू (मानवेतर प्राणीमा प्राण दिनु) : बाँदर्नी मैयाँ मान्छेमा परिणत
- विभिन्न लोकविश्वासहरू (श्राप, भविष्यवाणी, भाग्य आदिको विश्वास) : बाँदर्नी मैयाँलाई श्राप पर्नु र पछि सन्त महात्माद्वारा प्रदान गरिएको शक्तिका प्रभावले नै श्रापमुक्त हुनु ।

यी बुँदागत सन्दर्भलाई बाँदर्नी मैयाँको कथामा विभिन्न घटनाक्रमभित्र समेटिएको छ । कथातत्त्वको बाह्य पक्षमा पर्ने बनोट मात्र नभएर आन्तरिक तहसम्मको विषयवस्तुबाट प्रस्तुत कथा लोककथात्मक भाव र शिल्पमा कसिलो छ । अतः यस कथाले संरचना र भाव दुवै पक्षबाट लोककथागत पृष्ठाधारलाई समेटेको कुरा पुष्टि हुन्छ ।

## ७. निष्कर्ष

'बाँदर्नी मैयाँको कथा' लोककथाले नेपाली समाजको तत्कालीन अवस्था र आस्थालाई केही हदमा चिनाएको छ । हाम्रो नेपाली समाजमा कपट गर्ने र सहयोग गर्ने मानिसको स्वभाव पहिल्यैबाट थियो । मानिसहरू भाग्यमा विश्वास गरेर कर्मलाई मान्थे भन्ने कुरा कान्छो राजकुमारले बाँदर्नीलाई श्रीमतीका रूपमा स्वीकार गर्नु हो । यथार्थभन्दा पर रहेको स्वैरकाल्पनिक अवास्तविक पक्षलाई मान्छेले मन पराउने रहेछ । सम्भव नै नहुने मान्छे र बाँदरको घरबारको घटनालाई श्रापको प्रसङ्ग जोडेर सार्थक बनाइनु कलात्मक सुगठन हो । यस कथाका आधारमा नेपाली समाजमा नारीले पतिप्रेमका लागि मात्र होइन पुरुषले पनि पत्नीप्रेमको आदर्शलाई अपनाउने र त्यागी बन्ने अर्थात् सङ्घर्ष गर्ने परिपाटी थियो

भन्न सकिन्छ । यो लोककथाले मनोरञ्जनका साथमा आदर्शवादी बन्ने र साँचो प्रेम सफल हुने सन्देश प्रदान गरेको छ । कान्छो राजकुमारको सफलताका आधारबाट यसमा भाग्य र कर्मको संयोजन पनि छ । यसका अतिरिक्त कर्मवादी बन्नेको जित भएको देखाइएको छ ।

लोककथाको विश्लेषणमा अनिवार्य हुने तत्त्वहरू : कथानक, चरित्र, परिवेश, उद्देश्य र भाषाशैलीका दृष्टिले यो कथा सफल छ । कथाले आफूउपरका व्यक्तिले दिएको अर्तीलाई पनि विचार पुऱ्याएर अवलम्बन गर्नुपर्ने अर्थात् बहकाउमा लाग्न नहुने सन्देशलाई बोध गराउँछ । लोकसाहित्यभित्र विभिन्न सन्देशमा विभिन्न अभिप्रायले मनोरञ्जनका लागि भूमिका खेलेको हुन्छ । लोकसाहित्यमा अभिप्रायले विशिष्टीकरण, असाधारणीकरण वा मानवीकरणका माध्यमबाट चमत्कार उत्पन्न गर्दछ (लुइटेल, २०७५ : २) । यसै आधारमा प्रस्तुत लोककथामा प्रयोग भएका अभिप्रायहरू यस प्रकार रहेका छन् :

- रुखको टोड्काबाट बाँदर्नी निस्कनु,
- बाँदर्नी स्वास्नी परम सुन्दरी युवती हुनु,
- बाँदरको खोस्रो जल्दा मैयाँको शरीर जल्नु,
- अदृश्य बनाउने टोप,
- उडाउने खराउ,
- अह्राएको मान्ने लट्ठी ।

प्रस्तुत लोककथामा आगोले पोलेको स्थानमा लाउने मलहमलाई चाहिँ सामान्य मान्नुपर्छ । हाम्रो दैनिक जीवनमा पनि यसको प्रयोग सामान्य अवस्थामा हुन्छ । यसर्थ माथिका अभिप्रायका आधारमा आएका यी विषय यस लोककथाभित्र पुनरावृत्ति भइरहेर कथाको समापन भएको छ । अचम्म र अकल्पनीय मनोरञ्जनात्मक चामत्कारिकतालाई माथि उल्लिखित अभिप्रायले विशेष भूमिका खेलेर यो लोककथालाई सार्थक र रोमाञ्चक बनाएको देखिन्छ । यसर्थ लोककथाको कथा संरचना वा ढाँचा अनुरूप विधातात्त्विक संयोजनका आधारमा प्रस्तुत कथा सबल र प्रभावकारी देखिएको छ ।

## सन्दर्भ सामग्री सूची


अधिकारी, बोधविक्रम (२०६४) बाँदर्नी मैयाँको कथा, *नेपाली दन्त्य कथा* (दशौं संस्करण), ललितपुर : साझा प्रकाशन ।

गिरी, राजेन्द्र (२०७५), *लोकसाहित्य परिचय*, काठमाडौँ : सगुन प्रिन्टर्स एण्ड सप्लायर्स प्रा.लि. ।

पराजुली, मोतीलाल (२०६२/०६३), लोकसाहित्यमा प्रयोग हुने लोकतात्त्विक अध्ययन पद्धतिको रूपरेखा, *कुञ्जिनी साहित्य समालोचना विशेषाङ्क*, वर्ष १३ (१०), त्रि.वि. : साहित्य कुञ्ज, नेपाली केन्द्रीय विभाग ।

पराजुली, मोतीलाल र जीवेन्द्रदेव गिरी (२०६८), *नेपाली लोकसाहित्यको रूपरेखा*, ललितपुर : साझा प्रकाशन ।

पौडेल, द्रोणकुमार उपाध्याय (२०७४), *लोकवार्ता सिद्धान्त र नेपाली सन्दर्भ*, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

बन्धु, चूडामणि (२०७२), *लोकसाहित्यका सिद्धान्त र अध्ययन पद्धति*, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

बराल, कृष्णहरि (२०७६), मिथक र साहित्य, *रत्न बृहत् नेपाली समालोचना* (सैद्धान्तिक खण्ड), काठमाडौँ : रत्न पुस्तक भण्डार ।

भट्टराई, ध्रुवप्रसाद (२०७२), कवित्को सन्दर्भपरक विश्लेषण, *शोधमूलक अर्धवार्षिक प्रज्ञा*, अङ्क २ (१११), (वैशाख-भदौ), काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

भण्डारी, पारसमणि र अन्य (२०६८), *नेपाली गद्य र नाटक*, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६८), *लोकसाहित्य परिचय*, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

लुइटेल, खगेन्द्रप्रसाद (२०७५), लोकसाहित्यमा अभिप्राय, *कार्यपत्र*, त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागअन्तर्गत दर्शनाचार्य कार्यक्रममा प्रस्तुत ।

लुइटेल, खगेन्द्रप्रसाद (२०७६), *लोकवार्ताविज्ञान (सिद्धान्त र विश्लेषण)* (पहिलो संस्करण), काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६३), *लोकवार्ताविज्ञान र लोकसाहित्य*, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।